# नेपाल धितोपत्र बोर्ड

नियमन तथा व्यवस्थापन विभाग
जावलाखेल, ललितपुर

## घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित (मिति:२०७३।०७।१९)

हाल जावलाखेल, ललितपुरस्थित यस बोर्डलाई रामशाहपथ, थापाथली, त्रिपुरेश्वर, बबरमहल, कालिकास्थान, डिल्लीबजार, बालुवाटार, गौशाला, बानेश्वर आसपास क्षेत्रमा कम्तीमा २० वटा चारपाङ्गे (सवारी साधन) र ४० वटा मोटरसाइकल पार्किङ्ग गर्न मिल्ने एवं कम्तीमा २८- ३० बटा कोठा भएको (न्यूनतम १०,००० वर्गफिट क्षेत्रफल भएको) सहजरुपमा आवतजावत गर्न मिल्ने, निर्माण सम्पन्न भैसकेको वा पार्टीशन गर्न मिल्ने निर्माणाधिन घर, कार्यालय प्रयोजनका लागि आवश्यक परेकोले ईच्छुक घरधनी व्यक्ति वा फर्मले के कति भाडादर (कर समेत) मा कति वर्षका लागि के कस्तो शर्तमा भाडामा दिने हो सम्पूर्ण विवरण खुलाई आफ्नो नागरिकताको प्रमाणपत्र, हकभोगको प्रमाण, घरको नक्शा, कर, तिरो तिरेको प्रमाणहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र बोर्डको प्रशासन शाखामा सिलवन्दी गरी लाहाछाप लगाई निवेदन साथ पेश गर्नु पर्नेछ । रितपूर्वक पेश हुन आएका निवेदनहरु मध्ये आंशिक वा पुरै क्षेत्रफल लिने वा नलिने भन्ने अन्तिम अधिकार बोर्डमा निहित रहने साथै घरभाडाका सम्बन्धमा घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घरभाडामा लिइने व्यहोरा समेत जानकारी गराईन्छ । अन्य जानकारीका बोर्डको सर्म्पक नं ०१-५५४१०५७ वा बोर्डको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।